आज मिति २०८० साल श्रावण महिनाको ७ गते आईतबार दिनको ११:०० बजे हँसपुर नगरपालिकाका नगर प्रमुख श्री प्रदीप कुमार यादब ज्यूको अध्यक्षतामा निम्न अनुसार, नगर उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रदीप कुमार यादव | नगर प्रमुख | |
| २ | श्री दुर्गी देवी मंडल | नगर उप-प्रमुख | |
| ३ | श्री राम देव कापड़ी | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री जय नारायण कापड़ी | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री उदय कुमार सिंह | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री लाल बाबु यादव | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री राम बली मंडल | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री सुरेन्द्र कुमार मंडल | वडा नं. ६ अध्यक्ष | |
| ९ | श्री मो. हैजरत आलम | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री देव नारायण मंडल | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री प्रदीप कुमार मंडल | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री रेशमा देवी सादा | कार्यपालिका सदस्य | |
| १३ | श्री लीला देवी महतो | कार्यपालिका सदस्य | रेसमा |
| १४ | श्री विमल कुमारी देवी कापड़ी | कार्यपालिका सदस्य | विमला |
| १५ | श्रीमती राधा देवी | कार्यपालिका सदस्य | |
| १६ | श्री इन्द्रमोहन साह | कार्यपालिका सदस्य | |
| १७ | श्री भरत सहनी | कार्यपालिका सदस्य | |
| १८ | श्री राजेश कुमार पासवान | कार्यपालिका सदस्य | |
| १९ | श्री लालमति देवी वनोधिया | कार्यपालिका सदस्य | |
| २० | श्री सुवोध कुमार टाकुर | सदस्य सचिव(प्र.प्र.अ.) | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| २१ | श्री राम भजन यादव | प्रशासन प्रमुख | |
| २२ | श्री नेत्र लुङ्गेली | आ.प्रशासन प्रमुख | |
| २३ | श्री कुलदीप राउत | सूचना प्र.अधिकृत | |

## प्रस्तावहरु :

प्रस्ताव नं. १ :- खानेपानीको संकट सम्बन्धमा ।

प्रस्ताव नं. २ :- सुख्खा क्षेत्र घोषणा सम्बन्धमा ।

## निर्णयहरु :

निर्णय नं. १ :- प्रस्ताव नं. १ मा छलफल गर्दा यस हंसपुर नगरपालिकाको सम्पूर्ण टोलहरुमा खानेपानीको धारा (चापा कल) सुक्दै गई रहेकोले पिउने पानी समेतको संकट उत्पन्न भएकोले प्रत्येक वडामा प्राविधिक खटाई सर्वे गर्न लगाई खानेपानीको समस्या समाधान हुने गरी सार्वजनिक जग्गामा खानेपानी हैण्ड पाईप जडान गर्न अविलम्ब कार्यान्वयन गर्ने निर्णय गरियो । त्यसको लागत एवं खर्च योजनामा समावेस गरी प्राविधिक प्रतिवेदनको आधारमा भूक्तानीको व्यवस्था गर्ने निर्णय गरियो । साथै यस नगरपालिकालाई खानेपानी संकट ग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ मा छलफल गर्दा यस क्षेत्रमा लामो समय देखि पानी नपर्ना को कारण धानको रोपणी हुन नसकेको र रोपणी भएकोमा पनि पानी नभएको कारण रोपेको धान पनि डढी रहेकोले यस नगरपालिकालाई सुख्खा क्षेत्र घोषणा गरी सोको क्षतिपूर्तिको लागि आवश्यक राहत एवं अनुदानको लागि प्रदेश तथा संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।